दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ११६ | बुटवल | २०८२ बैशाख १०, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Apr. 23, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**वायु प्रदुषणबाट जोगिने उपाय**

-वायु प्रदुषणबाट श्वासप्रश्वासमा असर पर्ने भएकोले घर बाहिर निस्कँदा मास्कको प्रयोग गरौं ।
-वातावरणमैत्री सवारी साधनको प्रयोग गरौं ।
-दाउरा र कोइलाको सकेसम्म कम प्रयोग गरौं ।
-निर्माणस्थल, उद्योग कलकारखाना आदिबाट निस्कने धुलो धुँवाको उचित व्यवस्थापन गरौं ।
-श्वासप्रश्वास सम्बन्धी समस्या आएमा स्वास्थ्य परीक्षण गराऔं ।
-जथाभावी प्लाष्टिक लगायतका वस्तु नजलाऔं ।
-रुख विरुवा रोपौं, हरियाली बढाऔं र वनजंगल जोगाऔं ।
**वायु प्रदुषणको असरबाट बचौं र बचाऔं ।**

नेपाल सरकार विज्ञापन बोर्ड

# सिद्धिलक्ष्मी स्टिल उद्योगको मनोमानीले जनस्वास्थ्य र बालीनालीमा गम्भीर असर

**उद्योगले गरेको प्रदूषणले मानव स्वास्थ्यमा मात्र असर गरेको छैन, बालीनालीमा समेत गम्भीर असर र क्षति पुराएको छ भने कुलोसहितको जग्गा मिचेको तथा ईआइए प्रतिवेदन समेत नहुँदा पनि सम्बन्धित नियामक निकाय मौन छन् ।**



**लुम्बिनी संवाददाता**
*नवलपरासी*

नवलपरासी सदरमुकाम परासी नजिक रहेको सिद्धिलक्ष्मी स्टिल्स उद्योगले गरेको मनोमानी र प्रदूषणले वातावरण प्रदूषित भई जन स्वास्थ्य र बालीनालीमा गम्भीर असर गरेको छ । यसबाट स्थानीयहरु आजित भएका छन् । लक्ष्मी ग्रुपले प्रवर्धन गरेको यो उद्योग रामग्राम नगरपालिका वडा नम्बर ६ र १० मा छ । उद्योगले सार्वजनिक कुलो र स्थानीयको जग्गा कब्जा गरेर संरचना निर्माण गरेको छ । कानुन नै मिचेर उद्योग सञ्चालन भए पनि नियमनकारी निकायहरु भने मूकदर्शक जस्तै बनेर बसेको स्थानीयको आरोप छ । उद्योगका कारण स्थानीयको खेतीपाती र स्वास्थ्यमा समेत गम्भीर असर पुगेको गुनासो बढेको छ । त्यति मात्र होइन उद्योगका कारण वरिपरि रहेको बस्ती नै विस्थापित गर्ने गरी गम्भीर लापरबाही गरेको र कानूनको समेत धज्जी उडाएको छ । करिब सात वर्षअघि स्थापना भएको उद्योगले कानुनकै धज्जी उडाए पनि सम्बन्धित नियमनकारी निकायले भने स्थानीयका गुनासालाई बेवास्ता गरेका छन् ।

उद्योगले फैलाएको प्रदूषणका कारण खेतीपाती र मानव स्वास्थ्यमा असर त परेकै छ, पशु चौपायासमेत बिरामी पर्न थालेका स्थानीयले गुनासो गरेका छन् । उद्योगबाट निस्किने धूलो, धुवाँ, फोहोर पानी र ढलले वरपरको वातावरण दुर्गन्धित बनेको छ । साथै, उद्योगले फाल्ने हानिकारक रसायनले खेतीपातीमा गम्भीर असर र क्षति पुराएको स्थानीय रामकिसुन केवटको गुनासो छ ।

'उद्योगभित्रको ढल सिंधै स्थानीयको घरआँगनमै पठाउने गरेको, नजिकै बग्ने खोलामा उद्योगबाट निस्कने हानिकारक रसायन छाड्ने गरेको छ, त्यसले बालबालिकालाई खोकी र आँखा पोल्ने समस्या र छालाको रोग देखिएको छ,' केवटले भने-'उद्योगका लागि स्थानीयबाट जग्गा किनिएको भनिए पनि केही जग्गा कब्जा गरेको छ । उद्योगले कुलोसमेत पुरेर संरचना निर्माण गरेको छ ।'

कानुनअनुसार इनार, पोखरी र सार्वजनिक कुलो पुर्न र मास्न पाइँदैन । उद्योगले जग्गा कब्जा र सार्वजनिक कुलो मिचेको बारे पटक पटक सम्बन्धित निकायमा मौखिक र लिखित जानकारी गराए पनि वास्ता नगरेको स्थानीयले गुनासो गरेका छन् ।

त्यस्तै उक्त उद्योगका लागि आवश्यक विद्युत्को ट्रान्सफर्मर र पोलहरू पनिस्थानीयको जग्गामा जबर्जस्ती राखेको छ । 'बिजुलीको पोल जबर्जस्ती हाम्रो जग्गामा राखेको छ, अब न त्यो जग्गा बेच्न सकिन्छ, न त घर बनाउन नै मिल्छ, हामी कहाँ जाने ?'- स्थानीयहरुले भने ।

उद्योगबाट निस्किने फोहोर पानी खेत र नहरमा मिसिँदा बालीमा असर परेको र जमिनको उर्वराशक्ति घटेको अर्का स्थानीय वसन्त केवटको गुनासो छ ।

आफ्नो घरसँग जोडिएको खेतमा उद्योगले सिधैं ट्वाइलेटको फोहोर पानीको पाइप लगाएको केवटले गुनासो गरे । उद्योगको मालिकलाई धेरैपटक भने पनि सुनुवाइ नभएको उनको गुनासो छ ।

नक्सामा सरकारी नाला ८ फिटको छ, तर अहिले फ्याक्ट्रीको गेटअगाडि नाला रोकिएको छ । स्थानीय बालकुमार साहनीका अनुसार वडा नम्बर १० मा पर्ने खोला पनि मिचेर उद्योगले नयाँ संरचना बनाउन सुरु गरेको छ । सोही खोलामा ६/७ वटा ठूला ह्युम पाइपमार्फत् भित्रको हानिकारक रसायन छाड्ने गरेको साहनीले बताए । उक्त रसायनका कारण वरिपरिका बालबालिकाहरू बिरामी पर्न सुरु गरेका छन् । विशेष गरेर स्वासप्रश्वास र छालामा समस्या देखिन सुरु भएको स्थानीयले बताएका छन् ।

वातावरणविद्हरूका अनुसार, स्टिल उद्योगबाट निस्किने धूलोमा फलाम, कार्बन र अन्य रासायनिक कणहरू हुन्छन्, जसले फोक्सो, आँखा र छालासम्बन्धी रोगहरू निम्त्याउँछ ।

उद्योग नजिकैको खेतमा सिँचाइका लागि प्रयोग हुने पानीमा रासायनिक फोहोर मिसिँदा बाली उत्पादनमा समेत कमी आएको स्थानीयको गुनासो छ ।

उद्योगले व्यक्तिगत जग्गा कब्जा र सार्वजनिक कुलो मिचेको भन्दै स्थानीयले स्थानीय तह र जिल्ला प्रशासन कार्यालयमा समेत उजुरी दिएका छन् । उद्योगले जग्गा कब्जा गरेको भन्दै रञ्जना अधिकारीले जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएको दुई वर्ष बितेको छ । त्यसको सुनुवाइ भने अहिलेसम्म भएको छैन । आफ्नो दुई कट्ठा जग्गा कब्जा गरी कम्पाउण्ड बनाएको बारे नगरपालिकामा जाँदा सुनुवाइ नभएपछि जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएको रञ्जनाका श्रीमान मनोज अधिकारीले बताए ।

उद्योगले सार्वजनिक कुलो मिचेर संरचना निर्माण गरेको नापी प्रतिवेदनमा उल्लेख गरिएको छ । कुलो र जग्गा मिचेर संरचना निर्माण गरेको भन्दै उजुरी परेपछि जिल्ला प्रशासन कार्यालयले नापीसहितको टोली पठाएको थियो ।

नक्साका आधारमा उद्योगले दुई वटा सार्वजनिक कुलोसहित त्यस वरपर भागको चार कट्ठा जग्गामा कम्पाउण्ड निर्माण गरेको प्रतिवेदन प्रशासनमा बुझाएको सहायक प्रमुख जिल्ला अधिकारी पोषणराज भण्डारीले बताए । कम्पाउडभित्र परेको जग्गाको व्यवस्थापन गर्ने सहमति उद्योग प्रतिनिधिले गरेका छन् ।

» बाँकी ३ पेजमा

## कक्षा १२ को परीक्षा स्थगित

बुटवल । बैशाख ११ देखि तय भएको कक्षा १२ को परीक्षा स्थगित गरिएको छ ।

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माका अनुसार अहिलेलाई बैशाख ११ को परीक्षा सार्ने निर्णय भएको हो । बैशाख २१ गतेबाट परीक्षा सुरु हुने उनले बताए ।

मंगलबार बिहानमात्र परीक्षा बोर्डको बैठकले शिक्षक आन्दोलनका बाबजुद परीक्षा पूर्वनिर्धारित मितिमै सञ्चालन गर्ने बताएको थियो । शिक्षकहरू कक्षाकोठामा नफर्किएको अवस्थामा निजामती कर्मचारी परिचालन गरेर परीक्षा सञ्चालन गर्ने विकल्पमा पनि सरकारको तयारी थियो ।

२१ दिनदेखि शिक्षक र विद्यालयका कर्मचारीको आन्दोलनको दबाब झेल्न नसकेर शिक्षामन्त्री विद्या भट्टराईले राजीनामा दिएकी छन् ।

## 'म बिनाको एमाले कल्पना पूरा हुँदैन'



बुटवल । प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आफू बिनाको एमाले कसैले कल्पना गरेको छ भने त्यो पूरा नहुने बताएका छन् । उनले आफ्नो उमेर र स्वास्थ्यका बारेमा कसैले चिन्ता लिनु नपर्ने बताएका छन् ।

नेपाल कम्युनिष्ट पार्टीको ७६औं स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले आफू अहिले बूढो नभएको र अस्वस्थ्य नरहेको प्रष्ट्याए ।

उनले भने-'कतिपयलाई मेरो उमेर र मेरो स्वास्थ्यको चिन्ता छ । अहिले म बिरामी छैन । अबको २०-२५ वर्षपछि बुढो हुन्छु । कसैले हतार गरेर हुँदैन । मलाई मेरो उमेर र स्वास्थ्यका कुरा गर्नु पर्दैन । केपी ओलीबिनाको एमाले कसैले कल्पना गरेको छ भने त्यो पूरा हुँदैन । कसैले एमालेबिनाको देशको पनि कल्पना गरेका छन् । केपी ओलीबिनाको एमाले किन खोजेको होला ? तिनको मनसाय राम्रो भए त म सरक्क छोडिदिने थिएँ । एमालेबिनाको नेपाल हेरौंला, मिसन २०८४ मा, हामी झन् बलियो भएर आउनेछौं ।'

गणतन्त्रलाई नमूनाका रूपमा स्थापित गर्दै विकास र सुशासन तथा समृद्ध नेपाली सुखी नेपालीको महान उद्देश्यप्रतिको नेतृत्वको दृढता र सक्रियताले पार्टी र आन्दोलनलाई कमजोर हुन नसक्ने पुष्टि भइसकेको उनले बताए ।

अध्यक्ष ओलीले राणा शासन, पञ्चायत र निरंकूश राजतन्त्रसँग जुध्नुका साथै सबै प्रकारका हमला हुँदा प्रमुख शक्तिकारूपमा स्थापित भएको पार्टी एमाले भएकाले कुनै पनि प्रकारको दुविधा मनमा नलिन र आत्मविश्वास लिन पङ्तिलाई लिन आग्रह गरे ।

प्रधानमन्त्री ओलीले समाज बिगार्ने, राष्ट्रलाई नोक्सान गर्ने शक्तिहरुले कम्युनिष्ट आन्दोलन ध्वस्त बनाउन षड्यन्त्रकारीहरूबाट परिचालित भएर दुई तिहाइको अवस्थामा पुगेको पार्टीलाई विभाजन गराएपनि आफूहरूले आन्दोलनलाई पुनः गठित बनाउँदै जनताको सबैभन्दा लोकप्रिय पार्टीमा स्थापित गराएको बताए ।

## लुम्बिनीमा घाटा बजेट आउँदैन : मुख्यमन्त्री

**चालू आर्थिक वर्षमा झण्डै ३९ अर्बको बजेट आएकोमा आगामी वर्षमा ३२ अर्बभन्दा बढी बजेट बनाउने अवस्था नरहेको मुख्यमन्त्रीले प्रष्ट पारेका छन् ।**



दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले घाटा बजेट नल्याउने बताएका छन् ।

आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट तर्जुमा सम्बन्धी गरेको छलफलमा मुख्यमन्त्री आचार्यले घाटा बजेट ल्याएर अघि बढ्न नसकिने बताए ।

'घाटा बजेट ल्याउने पक्षमा छैनौं, जति सिलिङ बनाइएको छ, त्यसैको आधारमा बजेट आउँछ,' मुख्यमन्त्रीले भने-'चालू आर्थिक वर्षमा झण्डै ३९ अर्बको बजेट थियो तर आगामी वर्षमा ३२ अर्बभन्दा बढी बजेट बनाउने अवस्था रहेको छैन, यसपटक घाटाको बजेट ल्याएर अघि बढ्न सकिँदैन ।' उनले सीमित स्रोतसाधनलाई ध्यानमा राखी सुधारमुखी तथा कार्यान्वयनयोग्य योजना समेट्नुपर्ने धारणा राखे ।

बजेट निर्माणका लागि प्राप्त सुझावलाई ग्रहण गर्दै विगतका कमजोरी नदोहोऱ्याउने मुख्यमन्त्री आचार्यले प्रस्ट पारे । समानिकरण अनुदान प्राप्त नहुँदा दायित्व थपिएको अवस्था रहे पनि अब त्यसबाट मुक्त भइसकेको भन्दै उनले प्रदेश सरकारले अब ऋण बोक्ने, भार थोपर्ने काम नगर्ने बताए ।

» बाँकी ३ पेजमा

*An A graded and ISO certified Institution*

**Horizon Gautam Buddha Secondary School**

Tilottama-1, Rupandehi

Requires teachers in the following posts.

| SN | Subjects | Level | Min Qualification | Number | Preference |
|---|---|---|---|---|---|
| 1 | Maths / Science | Primary | +2 or equivalent in Science | Some | • Higher Degree<br>• Experience of at least 2 years |
| 2 | Social | Primary | +2 or equivalent in same subject | Some | • Higher Degree<br>• Experience of at least 2 years |
| 3 | Social | Secondary | Bachelor Degree in same subject | Some | • Higher Degree<br>• Experience of at least 2 years |
| 4 | Computer | Secondary | Be or equivalent | Some | • Higher Degree<br>• Experience of at least 2 years |
| 5 | Nepali | Primary | +2 or equivalent in same subejct | Some | • Montessori Training<br>• Experience of at least 2 years |
| 6 | English | Primary | +2 or equivalent in same subejct | Some | • Command over spoken in English<br>• Experience of at least 2 years |

• Visit to school and apply by 12th Baisakh 2082
• Contact: 9857031092, 9857070798, 9857033496

E-mail: hgbs2080@gmail.com
Website: www.horizongbs.edu.np

**Written Exam: 2082-01-13 at 11:00AM**

## सम्पादकीय

# कक्षा १२ को परीक्षा चल्न देऊ

शिक्षा ऐनलगायत विभिन्न पेशागत माग राख्दै शिक्षकहरुले काठमाडौंमा प्रदर्शन गरेको २० दिन पुग्दा आन्दोलन पेचिलो मोडमा पुगेको छ । शिक्षामन्त्री विद्या भट्टराईले राजीनामा दिएकी छिन् । यही बैशाख ११ गतेदेखि हुने कक्षा १२ को परीक्षा स्थगित नगरी सञ्चालन गर्ने राष्ट्रिय परीक्षा बोर्डले निर्णय गरेको छ। एकातिर विद्यालय बन्द गरेर शिक्षक आन्दोलनमा छन्, अर्कोतिर परीक्षा यथावत चलाउने निर्णयले अन्यौल बढेको छ ।

विद्यालय शिक्षकले यसअघि पनि सरकारसँग आफ्ना माग राख्दै पटक-पटक आन्दोलन गर्दै आएका हुन्। उनीहरुको आन्दोलनलाई थामथुम पार्न सहमति गर्दै आएको सरकार विगतका सहमति कार्यान्वयन गर्न आलटाल गर्दै आएको छ। ती सहमति कार्यान्वयन गर्न एकैपल्ट ठूलो व्ययभार पर्ने भएकाले तत्काल संभव छैन भन्ने सरकारी अधिकारीहरुको भनाइ छ । एकातिर शिक्षा विधेयक आगामी संसदको अधिवेशनमा पेश गर्ने गरी तयारी भइरहेको, विद्यालय भर्ना अभियान सुरु भएको, नतिजा प्रकाशन, भर्ना र परीक्षा जस्ता कार्यक्रम चल्ने बेला शिक्षक महासंघले पेशागत माग राख्दै गरेको शैक्षिक हड्तालले शिक्षकहरुलाई जिम्मेवारीबोध नभएको देखायो । पेशागत माग उनीहरुका अधिकारका विषय हुन् । अधिकारसँग सम्बन्धित माग राख्न पाउने अधिकार उनीहरुलाई छ, तर अधिकारका कुरा गर्दा कर्तव्य पनि भुल्नुहुन्न । माग पूरा गराउन चर्को दबाब दिने नाउमा विद्यालय बन्द गरेर आन्दोलन गर्ने, भर्ना र परीक्षा रोक्ने काम कुनै पनि हालतमा क्षम्य हुँदैन। कक्षा १२ का ५ लाख विद्यार्थीको परीक्षा अन्यौलमा पर्दा हुने असर सामान्य होइन। पेशागत माग पूरा गर्न परीक्षा नै हुन नदिने हर्कतले उनीहरुको अराजकता छर्लङ्ग भएको छ।

अझैं पनि समय छ, कमजोरी सुधार गर्न सकिन्छ । आन्दोलनको स्वरुप बदलेर विद्यार्थीले परीक्षा दिन पाउनुपर्छ। जसरी शिक्षकले आफ्ना माग राख्न पाउँछन्, विद्यार्थीले परीक्षा दिन पाउनुपर्छ । विद्यार्थीलाई परीक्षा दिन नपाउने वातावरण जो जसले बनाए पनि अहिले शिक्षकले कर्तव्य निर्वाह गर्नुपर्छ। आन्दोलनको स्वरुप बदल्ने बित्तिकै परीक्षा दिने वातावरण बन्छ।

शिक्षकले अधिकार खोज्दा कर्तव्य भुल्ने हो भने समाजले के सिक्ला ? विद्यार्थीले के सिक्लान ? समाजमा कस्तो सन्देश जाला ? अहिले शिक्षकले जिम्मेवारीबोध गरेर कक्षा १२ को परीक्षा चल्न दिने वातावरण बनाउनुपर्छ । समस्याको चाङ भएको मुलुकमा समाधानका लागि राज्यलाई समय दिनुपर्छ । मुलुक आर्थिक संकटले जर्जर भएका बेला शिक्षकले जुन खालका माग राखेका छन्, ती समस्या समाधान गर्न नसक्ने खालका पनि छन् । जति समाधान गर्न सकिन्छ, ती माग समाधानका लागि सरकारले पनि पहलकदमी लिनुपर्छ। शिक्षकका माग पूरा गर्न सकिंदैन भनेर पन्छिएर होइन, वार्ता र सम्वादबाट विद्यालय फर्काउने वातावरण बनाउनुपर्छ।

# आन्दोलनले सृजिएको अन्योल



प्रेमनारायण भुसाल

*आन्दोलनकै भरमा सबै कुरा कार्यान्वयन गराउन खोज्दा विद्यालयमा विद्यार्थीले पनि हरेक कुरामा आन्दोलन गरी झुकाउने अवस्था हाबी हुन सक्ने सम्भावनालाई समेत ध्यान दिई आन्दोलनको तौरतरिका परिवर्तन गर्नु अति आवश्यक छ। शैक्षिक सत्रको सुरुमा अन्योलमा परेका विद्यार्थी र विद्यालय तहको अन्तिम परीक्षा दिन नपाएर छटपटाएका विद्यार्थीको असन्तोष र आक्रोश कुनै रूपमा मुखरित भयो भने नेपाली शिक्षा क्षेत्रले महँगो मूल्य चुकाउनुपर्ने हुन सक्छ।*

पेसागत हकहितका साथै सङ्घीय संविधान अनुसारको शिक्षा ऐन जारी गर्नुपर्ने माग गरी शिक्षक लामो समयदेखि सडक आन्दोलनमा छन् । शिक्षकका माग समयमा सुनवाइ हुन नसक्दा पछिल्लो समय उनीहरूले शैक्षिक आमहडतालसमेत आह्वान गरेका छन् । शिक्षक महासङ्घको नेतृत्वमा सञ्चालन भएको शिक्षक आन्दोलन मूलतः काठमाडौँकेन्द्रित छ भने जिल्ला जिल्लाबाट आएका लाखौँ शिक्षक माइतीघरदेखि बानेश्वरसम्मको सडकमा दैनिक प्रदर्शनमा निस्केका छन्। शिक्षकले विगतमा पनि आन्दोलन गर्दै आएका थिए र हरेक आन्दोलनको अन्तिममा सरकारसँग सम्झौता हुने गरेको थियो । अहिलेको आन्दोलन भने विगतमा भएका सम्झौताको परिपालन नभएकाले र आफूहरूलाई लामो समयसम्म अल्झाइरहेकाले निर्णायक आन्दोलन भनी महासङ्घले वार वा पार नभई नरोकिने जनाउँदै आएको छ।

विसं २०८१ को शैक्षिक सत्रको अन्त्यतिरबाट सुरु भएको आन्दोलन नयाँ शैक्षिक सत्र सुरु हुनुभन्दा अगाडि नै टुङ्गिने अपेक्षा गरिएको थियो तर आन्दोलन लम्बिँदै जाँदा नियमित रूपमा सञ्चालन हुने गरेको भर्ना अभियान प्रभावित भएको छ। यसले १२ कक्षाको अन्त्यमा सञ्चालन हुने परीक्षासमेत अनिश्चित बनेको छ । त्यत्ति मात्र होइन, शिक्षक महासङ्घले कुनै पनि शिक्षक र विद्यालयले ग्रेड वृद्धि परीक्षा, प्रवेश परीक्षा, १२ कक्षाको परीक्षा र एसइई परीक्षाका कापी परीक्षण एवं तालिमलगायतका अन्य क्रियाकलापमा संलग्न नहुन निर्देशन दिएको छ। जिल्ला जिल्लामा रहेका महासङ्घका कार्यालयले महासङ्घको निर्देशन अवज्ञा गर्नेहरूको सूची तयार गरी आगामी दिनमा उनीहरूलाई कुनै किसिमको पेसागत सहयोग नगर्ने उर्दीसमेत जारी गरेका छन्।

असारको पहिलो हप्ता नतिजा प्रकाशन गर्ने भनी पूर्वघोषणा गरिसकिएको एसइई परीक्षाको कापी परीक्षणको काम सुरु नै हुन सकेको छैन। यसले आगामी सत्रको शैक्षिक पात्रो खलबलिने आशङ्का बढेको छ। नेपालका विश्वविद्यालय र परीक्षा बोर्डले समयमा परीक्षा सञ्चालन नगर्ने र नतिजा प्रकाशनमा विलम्ब गर्ने गरेकाले विद्यार्थीले विभिन्न किसिमका समस्या भोग्दै आएका छन् । १२ कक्षाको नतिजा समयमा प्रकाशन नगर्ने हो भने यसले अन्तर्राष्ट्रियस्तरमा परीक्षा बोर्डप्रतिको विश्वाससमेत स्खलित गर्ने निश्चित छ।

राष्ट्रियस्तरमै भर्ना अभियान सञ्चालन हुने गरेको वैशाखको पहिलो हप्ता विद्यालय खोल्नै नहुने र विद्यालयसित सम्बन्धित कुनै पनि क्रियाकलापमा सहभागी नहुने भन्ने शिक्षक अडानका कारण यतिखेर सामुदायिक विद्यालय सुनसान बनेका छन्। शिक्षक काठमाडौँकेन्द्रित भएपछि पठनपाठन र भर्ना अभियान ठप्प भएको छ । शिक्षकले पेसागत हकहितमा केन्द्रित भएर आन्दोलन गर्न पाउनु उनीहरूको अधिकार पनि हो। अधिकारको प्रयोग गर्ने सन्दर्भमा आफ्नो कर्तव्यबाट च्युत हुन भने कसैलाई पनि छुट छैन । राज्यद्वारा प्रदान गरिएको तलब भत्ता उपभोग गर्दै विद्यार्थीको पढ्न पाउने मौलिक अधिकारमै आघात पर्ने गरी विद्यालय बन्द गरी आन्दोलनमा होमिनु कति उचित होला ? यसो भन्दैमा शिक्षक गैरजिम्मेवार बनेर र रहरले आन्दोलनमा गएका भने अवश्य होइनन् । राज्य अविच्छिन्न उत्तराधिकारवाला स्थायी संरचना हो। शिक्षकले विगतमा राज्यसँग विभिन्न किसिमका सम्झौता गर्दै आएका छन् । समय समयमा आन्दोलन चर्किँदै जाँदा सम्झौतामा टुङ्गिने गरेको थियो। अस्थिर राजनीतिका कारणले तत्कालको समस्या समाधान गरे आफ्नो लोकप्रियता पनि नघट्ने र कार्यान्वयन गर्नै नपर्ने भएकाले कुनै किसिमको टाउको दुखाइ पनि नहुने ठानी सत्तासीन नेताहरूले संवैधानिक वा असंवैधानिक, पूरा गर्न सकिने वा नसकिने जुन किसिमका विषयमा पनि सम्झौता गर्दै आए। यस्ता सम्झौताले पार्ने दीर्घकालीन प्रभावबारे समयमा आकलन नगरीँदा आन्दोलनरत पक्षको आकाङ्क्षा बढ्दै जाने गरेको विगत छ।

विगतमा कार्यान्वयन नगरिएका सम्झौताकै उपज अहिलेको आन्दोलन हो भन्दा अत्युक्ति हुँदैन । पूरा गर्न सक्ने संवैधानिक र व्यावहारिक माग तुरुन्त पूरा गर्ने र कार्यान्वयन गर्ने तथा असम्भव मागका सन्दर्भमा तितो नै भए पनि तत्कालै त्यसका असर र कारणबारे सम्बन्धित पक्षलाई स्पष्ट पार्न नसक्दा आन्दोलनबाट जे कुरा पनि स्थापित गर्न सकिन्छ भन्ने मानसिकता विकास भएको देखिन्छ । यसैले जनसागर उचालेर माग पूरा गराउने ध्येयमा शिक्षक महासङ्घ अग्रसर छ।

एकातिर अनिवार्य तथा निःशुल्क हुने संवैधानिक प्रावधान व्यवहारतः कार्यान्वयन गर्न नसकिने अर्थात् भालुको कम्पट बनेको छ भने यसैलाई आधार मानेर घोषणा गरिएको अनिवार्य तथा निःशुल्क शिक्षा ऐन जारी भएको दिन शिक्षा दिवस भनिनुसमेत साँच्चै हास्यास्पद बनेको छ । शिक्षा ऐन जारी नहुनु र शिक्षक आन्दोलन चर्किनुको एक प्रमुख कारण स्थानीय तहमातहतमा शिक्षक रहने भन्ने व्यवस्था पनि हो। यससित जोडिएर मात्र विद्यालय तहमा रहेका विभिन्न किसिमका शिक्षकका फरक फरक समस्या सतहमा आएका हुन्। राज्यका लागि अस्थायी, करार, अनुदान, राहत, इसिडीलगायतका शिक्षकलाई स्वतः स्थायी गर्ने भन्ने कुरा फलामको चिउरा बनेको छ । एकातिर विद्यालय शिक्षालाई सुधार गरी गुणस्तरीय बनाउने जिम्मेवारी छ भने अर्कातिर कार्यरत शिक्षकको जागिर जोगाइदिनैपर्ने भन्ने दबाबले शिक्षा ऐन प्रसवपूर्व नै आलोचना र समस्याको पुञ्ज बनेको छ।

शिक्षा ऐन जारी हुन नसक्नुमा रहेका विभिन्न कारण तथा लामो समयदेखि सञ्चालनमा रहेको आमहड्तालले नयाँ वर्षमा नयाँ कक्षामा भर्ना हुन खोजेका विद्यार्थी भने हतोत्साहित भएका छन् । काठमाडौँमा जारी सामुदायिक विद्यालयका शिक्षकको आन्दोलन छिट्टै कुनै न कुनै रूपमा अवतरण त हुने नै छ। केही माग सम्बोधन हुने गरी सम्झौता हुने छ। विश्वास नहुँदानहुँदै पनि आगामी दिनमा माग पूरा हुने वातावरण सरकारले बनाउने छ भन्नेमा सहमति पनि जनाउनैपर्ने छ। यी सबै कुरा छिटो ढिलो हुन्छन् नै तर भर्ना अभियान सञ्चालन हुने समयमा शिक्षक आमहडताल घोषणा गरी आन्दोलनमै होमिएकाले उनीहरू गाउँ फर्कने बेलामा विद्यालय शून्य हुने अवस्था नआउला भन्न सकिँदैन।

पछिल्लो समय बसाइँसराइका कारण ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थीको सङ्ख्या न्यून हुँदै गएको छ। सहरी क्षेत्रमा पनि अपवादबाहेक धेरै सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या ज्यादै कम छ । एकातिर निजी लगानीमा सञ्चालन भएका विद्यालयको लगनशीलता र अर्कातिर संस्थागत विद्यालयमा पढाउने हो भने गुणस्तर कायम हुन्छ भन्ने नागरिकमा परेको भानले अभिभावक खाइनखाई विद्यार्थीलाई संस्थागत विद्यालयमा भर्ना गर्न लालायित हुने गरेका छन्। सामुदायिक विद्यालय लथालिङ्ग भएको देख्दा अभिभावकले आफ्ना बच्चालाई जेसुकै भए पनि नियमित अध्ययन अध्यापन हुने विद्यालयमा भर्ना गर्न खोज्नुलाई अनुचित र अनुपयुक्त मान्न सकिँदैन।

सामुदायिक विद्यालय अस्तव्यस्त भएको यसै समयलाई अवसरका रूपमा लिई केही संस्थागत विद्यालयले निःशुल्क भर्ना र सस्तो शुल्कमा अध्ययन गर्ने अवसर भनी विद्यार्थीलाई आकर्षित पनि गर्न थालेका समाचार प्रकाशित भएका छन्। यी सबै कुराले समग्रमा देशको शिक्षा र राज्यको ठुलो लगानी रहेको सामुदायिक विद्यालयको अवस्थालाई झनै जर्जर बनाउने छन्। आन्दोलनले विद्यालयको गुणस्तरलाई उठान त गरेको छैन नै, विद्यालय नै बन्द हुने गरी लामो समयसम्म शिक्षक आन्दोलनमै होमिँदा भोलिका दिनमा सामुदायिक विद्यालयमा विद्यार्थी नै नभई पेसागत हकहितका कुरा गर्नसमेत नसुहाउने अवस्था सिर्जना नहोस्।

पेसागत हकहित र शैक्षिक गुणस्तर वृद्धिका लागि उपयुक्त किसिमका ऐन, कानुन, नियम र नियमावलीका लागि आवाज उठाउनु समाजका सचेत शिक्षक वर्गको अधिकार र कर्तव्य पनि हो। आन्दोलनकै भरमा सबै कुरा कार्यान्वयन गराउन खोज्दा विद्यालयमा विद्यार्थीले पनि हरेक कुरामा आन्दोलन गरी झुकाउने अवस्था हाबी हुन सक्ने सम्भावनालाई समेत ध्यान दिई आन्दोलनको तौरतरिका परिवर्तन गर्नु अति आवश्यक छ । शैक्षिक सत्रको सुरुमा अन्योलमा परेका विद्यार्थी र विद्यालय तहको अन्तिम परीक्षा दिन नपाएर छटपटाएका विद्यार्थीको असन्तोष र आक्रोश कुनै रूपमा मुखरित भयो भने नेपाली शिक्षा क्षेत्रले महँगो मूल्य चुकाउनुपर्ने हुन सक्छ । यसैले विद्यालय र विद्यार्थी बचाएर मात्र आन्दोलन र पेसागत हकहितका कुरा गरौँ, नत्र त नरहे बाँस नबजे बाँसुरी बन्न सक्छ। गोपबाट

# ९.९६ अङ्कले घट्यो नेप्से परिसूचक



काठमाडौँ । नेप्से परिसूचक मङ्गलबार ९.९६ अङ्कले घटेर २६८८.३२ विन्दुमा झरेको थियो । त्यस्तै, सेन्सेटिभ इण्डेक्स ३.९१ अङ्कले घटेको छ भने फ्लोट इण्डेक्स ०.८६ अङ्क र सेन्सेटिभ फ्लोट इण्डेक्स १.२९ अङ्कले घटेको छ।

कारोबारमा आएका ३१९ कम्पनीको २ करोड २५ लाख ५५ हजार कित्ता शेयर ८ अर्ब ३२ करोड १२ लाख ८२ हजार रुपैयाँ बराबरको २ खरिदबिक्री भएको छ।

नेप्सेसँगै कारोबार रकम पनि घटेको छ । सोमबार ८ अर्ब ७७ करोडको शेयर खरिदबिक्री भएको थियो।

१३ उपसमूहमध्ये ३ उपसमूहको परिसूचक बढेको छ भने १० उपसमूहको परिसूचक घटेको छ। अन्य उपसमूहको परिसूचक सर्वाधिक २.२१ प्रतिशत बढेको छ। त्यस्तै, उत्पादन तथा प्रशोधन उपसमूहको परिसूचक १ प्रतिशतभन्दा बढी बढेको छ।

कारोबारमा दुई कम्पनीको शेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको छ । जसमा नेपाल माइक्रो इन्स्योरेन्स र क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्सको शेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको हो ।

मकर जितुमाया सुरी हाइड्रोपावरको शेयर मूल्य करिब साढे ७ प्रतिशत बढेको तर कर्पोरेट डेभलपमेन्ट बैङ्कको शेयर मूल्य १० प्रतिशत घटेको छ। कारोबार रकमका आधारमा डादी ग्रुप पावर कम्पनीको ४४ करोड ६० लाख रुपैयाँ बराबरको शेयर कारोबार भएको छ।

# लामो समयदेखिको टाउको दुखाइका ५ कारण

साधारणतया कसैको निधार, टाउकोको पछाडि, आँखाको गेडी पछाडि वा टाउकोको छालामा मात्रै दुखाइ वा असहज महसुस हुनु भनेकै टाउको दुखाइ हो। टाउको दुख्ने समस्या विश्वव्यापी रुपमा अधिकांश मानिसमा हुने गर्दछ। चिकित्सा क्षेत्रमा सबैभन्दा धेरै गुनासो गरिने समस्यामध्ये यो पनि एक हो।

करिब ९७ प्रतिशत मानिसमा आफ्नो जीवनकालमा कम्तीमा एक पटक टाउको दुख्ने समस्या देखिन्छ । यो समस्या महिलाहरुमा बढी हुने गर्दछ। टाउको दुखाइमध्ये तनक्क तन्के जसरी दुख्ने (टेन्सन हेडेक) टाउको दुखाइ लगभग ४०.५ प्रतिशत र माइग्रेन १०.५ प्रतिशत व्यक्तिमा पाइन्छ। माइग्रेन सामान्यतया २५ देखि ५५ वर्ष उमेरका व्यक्तिमा बढी हुन्छ । पुरुषको तुलनामा महिलाहरूमा यो समस्या लगभग ३ गुणा बढी हुन्छ।

अधिकांशमा सबैभन्दा धेरै टाउको दुखाइका कारण माइग्रेन, ओसिपिटल न्युरल्जिया, टेन्सन, क्लस्टर र सरभाइकोजेनिक टाउको दुखाइ नै हुन्।

**१ माइग्रेन**

माइग्रेन, दुखाइमध्येको बढी व्यक्तिमा देखिने टाउको दुखाइको एउटा रूप हो । बारम्बार घोच्ने वा भकभकी हान्ने, सहन सक्नेदेखि गम्भीर अर्धटाउको दुखाइको रूपमा वर्णन गरिन्छ । माइग्रेन भएकामा दुखाइबिच पूर्ण राहत हुन्छ। माइग्रेन भएका बिरामी अँध्यारो र शान्त कोठामा बस्न रुचाउँछन् र शारीरिक गतिविधि वा दैनिक कार्यहरुको बेवास्ता गर्दछन्।

करिब एक तिहाइ बिरामीले टाउको दुख्नु अगाबै आफैले महसुस गर्ने खालका लक्षण (औरा) महसुस गर्छन्। बिरामीले फरक खालका औरा महसुस गर्ने गर्दछन्, त्यसमध्ये मुख्यतः आँखामा प्रकाशको चमक, काला धब्बा र अन्य दृष्टि परिवर्तनहरू र हातमा झन-झन समावेश छन्।

**२ ओसिपिटल न्युराल्जिया**

ओसिपिटल न्युराल्जियामा हुने टाउकोको दुखइ निकै कडा खालको हुन्छ । छुरा प्रहार वा विद्युतीय झट्का खालको महसुस हुने टाउको दुखाइ हो । यस प्रकारको टाउको दुखाइ सामान्यतया टाउकोको पछाडि भागमा बढी दुख्ने गर्दछ। यो केही सेकेन्डदेखि केही मिनेटसम्म रहन्छ। यो दुखाइ मुख्यतः टाउकोको ओसिपिटल क्षेत्रबाट उत्पन्न भएर माथिल्लो घाँटी, टाउकोको पछाडि र आँखाको पछाडि फैलिन्छ। आँखाको पीडा, कान बज्ने, चक्कर आउनेसमेत हुन सक्छ।

**३ क्लस्टर खालको टाउको दुखाइ**

क्लस्टर एक खालको क्षणिक गम्भीर एकपक्षीय टाउको दुखाइ हो । यो पुरुषहरुमा बढी देखिन्छ। दुखाइ असाध्यै पीडादायी हुन्छ। अक्सर, यस प्रकारको टाउको दुखाइलाई आत्मघाती टाउको दुखाइको रूपमा वर्णन गरिएको छ। क्लस्टर टाउकोको दुखाइ मानवजातिले भोग्ने सबैभन्दा नराम्रो दुखाइ मध्येको एक हो।

**४ टेन्सन हेडेक**

यसलाई टाउकोको मांसपेशीबाट उत्पन्न भएको दुखाइको रूपमा लिइन्छ। यो तनावसँग मात्र नभएर टाउको वा घाँटीमा स्नायुसम्बन्धी समस्यासँग सम्बन्धित हुन सक्छ। प्रायः टाउकोको फ्रन्टल, टेम्पोरल र ओसिपिटल क्षेत्र सामेल हुन्छन्। टाउको वरिपरि कडा ब्यान्ड को महसुस हुन्छ।

**५ सर्भाइकोजेनिक टाउको दुखाइ**

घाँटीको स्रोतबाट टाउकोमा भएको दुखाइलाई सर्भाकोजेनिक दुखाइ मानिन्छ। यसमा प्रायः घाटीको नशा च्यापिएको कारण टाउको दुख्ने हुन्छ । **कसरी कम गर्ने टाउको दुखाइ ? यस्ता छन् उपचारका विकल्प**

**केटामिन इन्फ्युजन**

आजकाल टाउको दुखाइ वा अन्य दुखाइमा केटामिनको प्रयोग गरिएको विभिन्न प्रकाशित अध्ययनले देखाएको छ। माइग्रेन दुखाइका लागि अन्तर्देशीय केटामिन प्रभावकारी हुन्छ। रेफ्रेक्टरी क्रोनिक माइग्रेन भएका सबै बिरामीमा पीडा कम भएको महसुस हुन्छ। नियमित रूपमा माइग्रेन अनुभव गर्ने बिरामी जो पेन्किलर र अन्य औषधीसँग प्रभावहीन छन्, तिनीहरूले केटामाइन उपचारबाट फाइदा लिन सक्छन्।

**बोटुलिनम टोकसिन**

बोटुलिनम टोकसिन माइग्रेनको गम्भीरता र फ्रिक्वेन्सी कम गर्न प्रभावकारी मानिन्छ।

**ओसिपिटल नर्भब्लक**

ओसिपिटल नर्भब्लक सर्भाकोजेनिक टाउकोको दुखाइ, माइग्रेन र क्लस्टर टाउको दुखाइका साथै ओसिपिटल न्यूरल्जियासहित विभिन्न प्रकारको टाउको दुखाइको उपचारमा प्रभावकारी छ।

**स्फेनोपालाटिन गनग्लिओन ब्लक**

स्फेनोपालाटिन गनग्लिओन ब्लक माइग्रेन टाउको, क्लस्टर टाउको र धेरै अनुहारको दुखाइको लागि एक आकर्षक र प्रभावकारी उपचार ढाँचा हो।

**रेडिओफ्रिक्वेन्सी**

टाउकोको पीडादायी नसाहरूको रेडिओफ्रिक्वेन्सी एब्लेसन एक विकल्प हुन सक्छ। स्वास्थ्य खबरबाट

# अग्रज कम्युनिष्ट नेता सम्मानित



स्याङ्जा । नेपाल कम्युनिष्ट पार्टी एमाले स्याङ्जाले पाँच जना अग्रज कम्युनिष्ट नेताहरुलाई सम्मान गरेको छ। कम्युनिष्ट पार्टीको ७६औं स्थापना दिवसको अवसरमा एमाले स्याङ्जाले पाँच जना अग्रज कम्युनिष्ट नेताहरुलाई सम्मान गरेको हो । नेकपा एमाले स्याङ्जाको पार्टी कार्यालयमा आयोजना गरिएको ७६औं स्थापना दिवस कार्यक्रममा लामो समय कम्युनिष्ट पार्टीको राजनीतिमा योगदान गरेका अगुवा नेताहरुलाई सम्मान गरेको जिल्ला अध्यक्ष सूर्यप्रसाद गैह्रे (पारस) ले जानकारी दिए ।

कम्युनिष्ट आन्दोलनसँगै देशको परिवर्तनमा अग्रणी मोर्चामा रहेर भूमिका निर्वाह गरेका चक्रबहादुर पराजुली, ध्रुव अधिकारी, रामबहादुर थापा, ढाकाराम अर्याल र इन्दिरा विश्वकर्मालाई दोसल्लासहित प्रमाणपत्रले सम्मान गरिएको छ। सम्मानित हुने व्यक्तिहरु कम्युनिष्ट आन्दोलनका अगुवा नेताहरु हुन् ।

सम्मान कार्यक्रममा अर्याल बिरामी भएका कारण सहभागी हुन पाएनन् । उनीहरुलाई जिल्ला इञ्चार्ज गण्डकी प्रदेशका सांसद सीता सुन्दास, नेकपा एमालेका केन्द्रीय सदस्य सीमा क्षेत्री र जिल्ला अध्यक्ष गैह्रेले सम्मान गरेका थिए ।

कम्युनिष्ट आन्दोलनमा जीवनभर लागेका अगुवा नेताहरु सम्मान स्याङ्जामा यो पहिलो हो । एमालेको केन्द्रीय वार्षिक कार्ययोजनामा भए पनि विगतका वर्षहरुमा यसरी अगुवा नेताहरुलाई सम्मान गरिएको थिएन । यो वर्षदेखि सम्मान कार्यक्रम सुरु गरिएको अध्यक्ष गैह्रेले बताए । ७६औं कम्युनिष्ट दिवसमा अग्रज नेताहरुलाई सम्मान गर्ने योजनाअनुसार विभिन्न शीर्षक र आन्तरिक सूचकहरुका आधारमा ५ जनालाई सम्मान गर्ने योग्यता पुगेको बताइएको छ ।

कार्यक्रममा जिल्ला इञ्चार्ज सीता सुन्दास, केन्द्रीय सदस्य सीमा क्षेत्री, महेन्द्र थापामगर, नारायण मरासिनी, चक्रबहादुर पराजुली, सूर्यप्रसाद गैह्रेलगायतका वक्ताहरुले बैशाख ९ गते कम्युनिष्ट पार्टीहरुको उत्सवको दिन रहेको बताएका थिए । मुलुकको दिगो विकासका लागि कम्युनिष्ट पार्टी एउटा शक्ति रहेको बताउँदै वक्ताहरुले सबै कम्युनिष्टहरु एकताको मालामा गाँसिनुपर्ने बताएका थिए ।

# भेरी अस्पतालमा मिर्गौला प्रत्यारोपण सेवा सुरु

नेपालगञ्ज । भेरी अस्पताल, नेपालगञ्जमा आजदेखि मिर्गौला प्रत्यारोपण सेवा सुरु गरिएको छ । अस्पतालका प्रमुख तथा मेडिकल सुपरिटेन्डेन्ट डा.निराजन सुवेदीले अस्पतालमा पहिलो पटक मिर्गौला प्रत्यारोपण हुन लागेको जानकारी दिए ।

उनले दुई जना बिरामीको मिर्गौला प्रत्यारोपण गर्न लागेको र त्यसका लागि सबै प्रक्रिया पूरा भएको बताए । "एक जनाको प्रत्यारोपण सुरु भइसक्यो त्यो सकिएपछि अर्को हुन्छ ।"-डा. सुवेदीले भने ।

मिर्गौला प्रत्यारोपणका लागि सहिद धर्मभक्त माथेमा मानव अङ्ग प्रत्यारोपण केन्द्रका निर्देशक डा.पुकारचन्द्र श्रेष्ठसहित १४ जनाको टोली आएका छन् । डा.सुवेदीले अस्पतालको क्षमता बढाउँदै लगेपछि मिर्गौला प्रत्यारोपण गर्न टाढा जानुपर्ने अवस्थाको अन्त्य हुने बताए ।

उनका अनुसार महिनामा कम्तीमा एक जनाको मिर्गौला प्रत्यारोपण हुने र अस्पतालको जनशक्ति बढाउँदै लगिने छ । अस्पतालका यूरोलोजी विशेषज्ञ, डा. दिपेश गुप्ता, एनेस्थेसिया डा.पारस पाण्डे, नेफ्रोलोजीतर्फ डा.शौरभ हमाल, यूरोलोजीका डा.अञ्जित फुयाँल, डायलासिस इञ्चार्ज डा.पारस श्रेष्ठलगायतको टोलीले मिर्गौला प्रत्यारोपण गर्ने जनाइएको छ ।

अस्पतालमा हाल दैनिक २० देखि २५ जना मिर्गौलाका बिरामीले डायलासिस गर्दै आएका छन् । यहाँ मिर्गौला प्रत्यारोपण न्यूनतम शुल्कमा हुने र यसबाट बिरामीले लाभ लिने डा.सुवेदीको भनाइ छ ।

अस्पतालले पछिल्लो समय जलनका बिरामीका लागि ६ शैयाको छुट्टै वार्ड, २० शैयाको सर्जिकल वार्ड, १६ शैयाको पोष्ट अपरेटिभ वार्ड, नयाँ ओपिडीसमेत सञ्चालनमा ल्याएको छ ।

भेरी अस्पताल व्यवस्थापन समितिका अध्यक्ष वीरेन्द्रबहादुर शाहले मिर्गौला प्रत्यारोपण अस्पतालको उपलब्धि हुनाका साथै त्यससम्बन्धी बिरामीका लागि उपचारको आशा जगाउने काम भएको बताए ।

---

**सिद्धिलक्ष्मी...**

तर, सहमति गरेको डेढ वर्ष पुग्न लाग्दासमेत उद्योगले जग्गाको व्यवस्थापन नगर्दासमेत प्रशासनले कुनै वास्ता नगरेको बताइएको छ ।

उद्योग क्षेत्र रहेको वडा नम्बर ६ का अध्यक्ष विद्या सागर त्रिपाठीले स्थानीयको समस्या समाधान गर्न आफ्नो वडा र पालिकाले पहल गरिरहेको बताए ।

वातावरण संरक्षण ऐन, २०७६ मा उद्योगहरूले बाहिर प्रदूषण गर्न नपाउने उल्लेख छ । तर, उद्योगले उक्त ऐन पालना गरेको देखिएको छैन ।

उक्त कम्पनीले गराएको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) प्रतिवेदन पनि गोप्य राखिएको छ । वातावरण विभागले सिद्धिलक्ष्मी स्टिल्सको इआइए प्रतिवेदन आफूसँग नरहेको बताएको छ ।

उक्त प्रतिवेदन पालिकामा पनि नरहेको वडाध्यक्ष त्रिपाठीले बताए । उक्त फ्याक्ट्रीले प्रत्येक ६/६ महिनामा गर्नुपर्ने इआइए अडिट पनि गरेको छैन

उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्षसमेत रहेका उद्योगका निर्देशक अञ्जन श्रेष्ठले उद्योगमाथि आएका गुनासो गलत भएको दाबी गर्दै सबै नियम र कानुनी प्रकृया पुर्‍याएको जिकिर गरेका छन् ।

**लुम्बिनीमा...**

छलफलमा भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले आयोजनाको अवस्था हेरेर बजेटको मापदण्ड निर्माण गरिनुपर्ने बताए । विगतमा धेरै टुक्रे आयोजना निर्वाचन क्षेत्र विकास कोषबाट आएकाले अब बजेट बनाउँदा यसबारेमा थप छलफल गर्नुपर्ने धारणा राखे । उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्ड विक्रम न्यौपानेले कार्यान्वयन हुनेगरी बजेट निर्माण गरिनुपर्ने बताए । प्रदेश सरकारलाई सवारीसाधन अनुमति पत्र छपाईको जिम्मेवारी आगामी वर्षबाट प्राप्त हुने भएकाले त्यसलाई बजेटमा समेट्नुपर्ने बताए ।

स्वास्थ्य मन्त्री खेमबहादुर सारुले मातृ मृत्यु दर, बाल मृत्यु दर, कुपोषणजस्ता समस्यालाई समाधान गर्ने गरी बजेटले प्राथमिकता दिनुपर्ने बताए ।

सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाले शिक्षा, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकलाई लक्षित गरेर कार्यक्रम समावेश गर्नुपर्ने सुझाव राखे । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री सीता शर्मा चौधरीले आयोजनाको क्षेत्र हेरेर सीमा तोक्नुपर्ने बताइन् ।

प्रदेश योजना आयोगका उपाध्यक्ष डा. डिल्लीराज अर्यालले दोस्रो आवधिक योजनाले निर्धारण गरेका प्राथमिकताका क्षेत्रहरूलाई बजेटमा प्राथमिकता दिन सके धेरै समस्या समाधान हुने बताए ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव डिलाराम पन्थीले प्रदेशमा रहेका समस्याका सूचकहरूका आधारमा गरिबी निवारण, शिक्षा, स्वास्थ्य र जीवनस्तर सुधारका क्षेत्रलाई प्राथमिकता दिनुपर्ने धारणा राखे । छलफलमा दोस्रो आवधिक योजनाको प्राथमिकतालाई बजेट तर्जुमाको मुख्य आधार बनाउनु पर्ने, प्रदेश गौरवका आयोजनालाई प्राथमिकतामा राखेर बजेट प्रस्ताव गर्नु पर्ने, मर्मत-सम्भारको अभावमा सञ्चालनमा आउन नसकेका आयोजनालाई पुनः सञ्चालनमा ल्याउने गरी बजेट छुट्याउनु पर्ने, आयोजनाको संख्या घटाउने, प्राथमिकिकरण गर्ने, बहुवर्षीय दायित्व घटाउने गरी बजेट निर्माण गर्नु पर्नेलगायतका विषय प्राथमिकताका साथ उठाइएको प्रदेश योजना आयोगका सदस्य डा. सुदन ओलीले जानकारी दिए ।

# एमालेको स्थापन दिवसको अवसरमा ५१ जना सम्मानित

परासी । नेपाल कम्युनिस्ट पार्टीको ७६ औं स्थापना दिवसको अवसरमा ५१ जनालाई सम्मान गरिएको हो ।

नेकपा एमालेकी केन्द्रीय सदस्य तथा सुनवल नगरपालिका मेयर बिमला अर्यालले मंगलबार एक कार्यक्रमको बिचमा पार्टीमा बिगत लामो समयसम्म योगदान पुऱ्याएकालाई सम्मान गरेकी हुन् । सम्मान गर्दै अर्यालले जनताको समस्या सामाधान गर्ने एमाले नै भएको बताइन । उनले सर्वहारा गरिबी निमुखाको पार्टी एमाले नै हो । पार्टीले गरेका राम्रो कामको जनस्तरमा प्रचारप्रसार गर्न नेताकार्यकर्तालाई अग्रह गरिन ।

विगत कठिन परिस्थितिमा पार्टीको विकास तथा लोकतान्त्रीक गणतन्त्र प्राप्तिको लागि पुऱ्याएको योगदान उच्च मूल्यांकन गर्दै अग्रजलाई पार्टीले सम्मान गरिएको पार्टी जिल्ला अध्यक्ष दिपेन्द्रकुमार अधिकारीले जानकारी दिए ।

५१ जनालाई विगत कठिन परिस्थितिमा पार्टीको विकास तथा लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि पुऱ्याएको योगदानको उच्च मूल्यांकन गर्दै सम्मान गरिएको पार्टीका जिल्ला सचिव धज शर्मा बस्यालले जानकारी दिए । सम्मान कार्यक्रममा पार्टीका केन्द्रीय सल्लाहकार खिमला पोखरेल, पार्टीका केन्द्रीय स्कुल विभागका सदस्य बद्री खनाल, पार्टीका जिल्ला अध्यक्ष दिपेन्द्रकुमार अधिकारी, सह-सचिव राजन आचार्यलेलगायतले धारणा राखेका थिए ।

२०२८ सालमा झापा विद्रोहबाट सशक्त आन्दोलनबाट २०३५ सालमा मालेबाट स्थापना भएको र माले हुँदै एमाले पार्टी भएको हो ।

## कावासोती नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**नवलपरासी (ब.सु.पु.), गण्डकी प्रदेश, नेपाल**

## नदीजन्य पदार्थको बिक्रिका लागि बोलपत्र आब्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः२०८१/११/१५
दोश्रो पटक प्रकाशित मितिः २०८१/१२/२१
तेश्रो पटक प्रकाशित मितिः २०८२/०१/१०
बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०१/२५ दिनको १२ बजे

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ क र गण्डकी प्रदेशको आर्थिक ऐन २०७९ मा व्यवस्था भए अनुसार तल उल्लेखित नदीहरूको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुले फर्मको नबीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु लगायतको कागजातहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन परिमाण (घनफिट) | न्युनतम बोल कबोल रकम (अग्रिम आयकर र VAT बाहेक) रु. | धरौटी रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| 1 | 21/REV/KM /2081/82 | Extraction of River Bed Material From Kerunge khola a) Highway dakshin khanda- kha , b) Hhighway uttar sisaughari khanda- ka c) Highway uttar sishaughari khanda -kha | १६,६७,१९१.६८ | १,२०,०३,७८०.०९ | कबोल अंकको ५% रकम(VAT सहितको रकमको) | ५,०००/- |
| 2 | 22/REV/KM /2081/82 | Extraction of River Bed Material From Kerunge khola a) Shivabasti khanda -kha b) Hasaura khanda-kha, c) Hasaura khanda Ga | २१,०४३१०.८८ | १,५१,५१,०३८.३३ | कबोल अंकको ५% रकम(VAT सहितको रकमको) | ५,०००/- |
| 3 | 23/REV/KM /2081/82 | Extraction of River Bed Material From Kerunge khola a) Hattikhor khanda-Ka b) Hattikhor khanda-Kha c) Hattikhor khanda-Ga | २६,१९,५४० | १,८८,६०,६८८.०० | कबोल अंकको ५% रकम(VAT सहितको रकमको) | ५,०००/- |
| 4 | 24/REV/KM /2081/82 | Extraction of River Bed Material From Kerunge khola a)Hattikhor khanda-Gha b)Hattikhor khanda-Nga | २७,७८,३०० | २०,००,३७६०.०० | कबोल अंकको ५% रकम(VAT सहितको रकमको) | ५,०००/- |

**शर्तहरू**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब २०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय कावासोती मा रहेको यस कार्यालयको खाता नं ३२००१००३०१०१०००३ मा नगद जम्मा गरेको नगद भौचर साथ E–Bidding मार्फत बोलपत्र पेश गर्ने अन्तिम दिनको १२:०० बजे भित्र बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयकोwww.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको (VAT सहितको रकमको) ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंकमा रहेको धरौटी खाता नं ३२००१००३०३००००००३ मा जम्मा गरी सोको सकल बैंक भौचर पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी पेश गर्नुपर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि , निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. बोलपत्र स्वीकृत भएको मितिले १५ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र र कबोल अकको ५०% प्रथम किस्ताबापत प्रतिशतले हुने रकम यस कार्यालयको बैंक खातामा जम्मा गरेको भौचर प्रति समेत अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ता बापतको ५०% प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२ असारमसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बोन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थपमूल्य अभिबृद्दी कर १३% र मु. अ. कर १.५% सम्बन्धित कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ ।

८. यस नगरपालिकाका नदी तथा नदीहरको उत्खनन क्षेत्र र उत्खनन परीमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून , प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट जारी गरिएको बातावरणीय अध्ययन प्रतिवेदन र राष्ट्रपति चुरे तराई मधेश सरक्षण तथा विकास समितिको निर्देशन र सर्तहरु यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

९. थप जानकारी www.kawasotimun.gov.np,www.bolpatra.gov.np/egp र ९८४३५००७११,९८४३५५६७९५बाट प्राप्त गर्न सकिनेछ ।

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

दैनिक लुम्बिनी




**रेसुङ्गाको प्रतीक तम्घासमा बनाइँदैः**
गुल्मीको तम्घासस्थित जिल्ला प्रशासन कार्यालयको पर्खालमा प्रसिद्ध धार्मिक तथा पर्यटकीयस्थल रेसुङ्गाको प्रतीक बनाइँदै । रेसुङ्गा नगरपालिकाले रेसुङ्गामा पर्यटन प्रवर्धनका लागि तम्घासका लागि रेसुङ्गाको प्रतीक बनाउन थालेको हो । तस्विरः हुमाकान्त पोखरेल/रासस

# पत्रकारमाथि आक्रमण गर्नेलाई पक्राउ गर्न महासंघको अल्टिमेटम



भैरहवा । प्रहरी हिरासतमा रहेको आरोपी भागेपछि पत्रकारहरुले जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा ज्ञापन बुझाउँदै २४ घण्टाभित्र पक्राउ गरी कारबाही अगाडि बढाउन प्रहरीलाई अल्टिमेटम दिएका छन् ।

समाचार संकलनका क्रममा एपीवान टेलिभिजनका संवाददाता राधेश्याम विश्वकर्मामाथि तस्करहरुको एक समूहले सोमबार गरेको आक्रमण प्रयासमा संलग्नमाथि तत्काल कारबाहीको माग गर्दै लुम्बिनी प्रेस क्लब, रुपन्देही र नेपाल पत्रकार महासंघ, रुपन्देही शाखाले रुपन्देहीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेलाई ज्ञापनपत्र बुझाउँदै आरोपितलाई २४ घण्टाभित्र कार्बाही नगरिए आन्दोलनमा जाने चेतावनी दिएका हुन् ।

नेपाल पत्रकार महासंघ रूपन्देहीका अध्यक्ष दिनेश पाण्डेले समाचार संकलनको लागि खटिएका पत्रकारको सञ्चार साधन कब्जामा लिने, कुटपिट गर्न खोज्ने र क्यामेराको फुटेज मेटाउन लगाएको घटनाले प्रेस स्वतन्त्रता मात्रै नभई मानवअधिकार समेत कुण्ठित गरिएको बताए । घटनापछि पक्राउ परेका व्यक्ति प्रहरी हिरासतबाटै भाग्नु रूपन्देहीको शान्ति सुरक्षा र प्रेस स्वतन्त्रताप्रति राज्यको निकायको हेर्ने दृष्टिकोण, अपराधिक व्यक्तिको मनोबल वृद्धि भएको महासंघको निष्कर्ष रहेको छ ।

यसैगरी लुम्बिनी प्रेस क्लबले २४ घण्टाभित्र आरोपित र आरोपितलाई भगाउन सहयोग गरेको प्रहरीलाई पक्राउ गरी कार्बाहीको दायरामा ल्याउन माग राखेको छ । क्लबका महासचिव प्रकाश न्यौपाने र अध्यक्ष कमल रायमाझीको हस्ताक्षरसहित बुझाइएको ज्ञापनमा २४ घण्टामा कार्बाहीको दायरामा नल्याए त्यसपछि चरणबद्ध आन्दोलनमा जाने उल्लेख रहेको छ ।

समाचार संकलन जाने क्रममा मर्चवारकै दिपेश यादव नाम बताउने युवाको समूहले दुर्व्यवहार गरेको थियो । बाटोमै भइरहेको अवैध ओसार प्रसारको भिडियो खिच्ने क्रममा यादवसहितको टोलीले विश्वकर्माको क्यामेरा, मोटरसाइकलको साँचो, पत्रकार परिचय पत्र खोसेर उनलाई पनि केही बेर नियन्त्रणमा राखेको थियो । पछि प्रहरी आएपछि प्रहरीकै अगाडि क्यामेरामा भएको दृश्य उक्त समूहले मेटाउन लगाएको थियो ।

यस विषयमा पत्रकार विश्वकर्माले इलाका प्रहरी कार्यालय मझगावामा जानकारी गराएपछि प्रहरीले घटनामा संलग्न दिपेश यादवलाई पक्राउ गरेको थियो । यादवलाई पक्राउ गरिएको पुष्टि रुपन्देही प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक सुरज कार्कीले गरेका थिए । आरोपीलाई पक्राउ गरी जिल्लामा झिकाउने प्रक्रिया थालिएको बताउँदै उनले त्यसपछि मात्र आवश्यक कार्बाही गर्ने बताएका थिए ।

त्यसपछि आरोपी यादवलाई इलाका प्रहरी कार्यालय मझगावाबाट नै भगाइएको थियो । तर प्रहरी आफ्नै भनाइबाट पछि हट्दै कहिले उनलाई पक्राउ नै नगरिएको र कहिले असावधानीवस भागेको बताउँदै आएको छ । पत्रकारहरुले भने आरोपीलाई प्रहरीले पक्राउ गरिसकेर पनि हिरासतबाटै भगाएको दाबी गर्दै आएका छन् ।

यस विषयमा राष्ट्रिय मानवअधिकार आयोग बुटवल, इन्सेक नेपाल र फ्रिडम फोरमलगायतका संस्थाहरुले पनि चासो दिएका छन् । राष्ट्रिय मानवअधिकार आयोग बुटवल कार्यालयका मानवअधिकार अधिकृत आशिश श्रेष्ठको नेतृत्वको टिमले घटनाबारे जानकारी लिएको लुम्बिनी प्रेस क्लबका अध्यक्ष कमल रायमाझीले बताए । श्रेष्ठसँगै अधिकृत सुप्रिना चौधरी र सूचना प्रविधि सहायक अर्जुन खनालले घटनाको विषयमा जानकारी लिएका थिए ।

ज्ञापनपत्र बुझेपछि प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले पत्रकारको सुरक्षालाई गम्भीरतापूर्वक लिएको बताए । उनले पत्रकारले खिचेका भिडियो डिलिट (हटाउन) लगाउने कार्यमा संलग्न व्यक्ति उपर कारबाही गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले यो घटनाबारे सुक्ष्म ढंगले अनुसन्धान गर्ने जनाए । उनले फरार व्यक्तिको खोजी भइरहेको जानकारी दिँदै आगामी दिनमा यस्ता घटना हुन नदिन प्रहरी-प्रशासन थप सचेत हुने बताए ।

# पाल्ही बहुमुखी सहकारी संस्थामा ८५ लाख बढी हिनामिना

नवलपरासी । पश्चिम नवलपरासीको पाल्हीनन्दन गाउँपालिका-४ मा सञ्चालित पाल्ही बहुमुखी सहकारी संस्था लिमिटेडको रु ८५ लाख ८० हजार ७५५ रकम सञ्चालक समितिले हिनामिना गरेको छ । सहकारी सञ्चालक समितिका १५ जनाको मिलेमतोमा करिब रु ८६ लाख रकम हिनामिना भएको हो ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक वीरदत्त पन्तले सहकारीको रकम हिनामिनासम्बन्धी कसुर मुद्दा नवलपरासी जिल्ला अदालतमा दर्ता भएपछि प्रतिवादी सुरेश चौधरी (कुर्मी), वीरेन्द्रकुमार यादव र रामसेवक चौधरी (कुर्मी) ले जनही रु पाँच लाख धरौटी राखेर तारेखमा बसेका जानकारी दिए ।

"सहकारी संस्थाका सञ्चालक समितिका अध्यक्ष राजकिसोर गुप्ता (तेली), उपाध्यक्ष नाथु माली, सदस्य कमलादेवी कहार, सञ्जय कुर्मी, रवीन्द्र पासी, लेखा संयोजक सन्तराम यादव, जानकी देवी कुर्मी, इजहार धुनिया, प्रमोद यादव, सुग्रिम तिवारी, रामानन्द यादव र व्यवस्थापक मुनलाल यादव हाजिर हुनुभएको छैन ।"-जिल्ला अदालतका सूचना अधिकारी भेषराज खनालले भने ।

उनका अनुसार सहकारीको रकम हिनामिनासम्बन्धी कसुर मुद्दा दर्ता भएपछि मुद्दामा उल्लेख गरिएका १५ जनालाई जिल्ला अदालतले पक्राउ पुर्जीसहित ३५ दिनभित्र अदालतमा हाजिर हुन आउनु भनी पात्र पठाइएको छ ।

उक्त सहकारीको रकम हिनामिनासम्बन्धी कसुर मुद्दामा तीन जना हाजिर भएका जिल्ला सरकारी वकिल कार्यालयका सूचना अधिकारी काशीराम लोधले बताए । उनका अनुसार सहकारी दर्ता रहेको राप्ती उपत्यका दाङ (देउखरी) को पत्रबाट मुस्तफा शेखको जाहेरीले वादी नेपाल सरकार भएर जिल्ला अदालतमा सहकारीको रकम हिनामिनासम्बन्धी कसुर मुद्दा दर्ता भएको छ ।

सहकारीको रकम हिनामिनासम्बन्धी कसुर ठहर भएमा बिगो बराबरको जरिवाना र तीन वर्षसम्म कैद हुने सहकारी ऐन, २०७४ को दफा १२४ मा व्यवस्था रहेको सरकारी वकिल कार्यालयका सूचना अधिकारी लोधले जानकारी दिए ।

### मणिमुकुन्द कप भलिबल :

# चौथो दिनको खेलमा आयोजक र पुलिस विजयी




तिलोत्तमा । तिलोत्तमामा जारी १०औं मणिमुकुन्द कप पुरूष इन्डो नेपाल क्लब च्याम्पियनसिप भलिबल प्रतियोगिताको चौथो दिनको खेलमा आयोजक क्लब र नेपाल पुलिस क्लब विजयी भएका छन् ।

योगीकुटी-वनबाटिका मार्गस्थित क्लबको आफ्नै खेल मैदानमा मंगलबार भएको पहिलो खेलमा आयोजक मणिमुकुन्द भलिबल क्लबले विभागीय टिम एपीएफ क्लबलाई ३-० को सोझो सेटमा पराजित गरेको छ । मणिमुकुन्दले पहिलो सेट २५-१८, दोस्रो सेट २५-१५ र तेस्रो सेट २५-२२ अंकले जितेको प्रतियोगिता संयोजक सुरेन्द्र गुरूङले जानकारी दिए ।

यस्तै दोस्रो खेलमा नेपाल पुलिस क्लबले कोशी प्रदेश भलिबल संघलाई ३-० को सोझो सेटमै पराजित गरेको छ । पुलिसले पहिलो सेट २५-२२, दोस्रो सेट २७-२५ र तेस्रो सेट २५-१८ले जितेको गुरूङले बताए । पहिलो खेलमा मणिमुकुन्दका रेशम विक र दोस्रो खेलमा पुलिसका आदर्श रसाइली म्यान अफ द म्याच घोषित भए ।

बुधबार पहिलो खेल गण्डकी प्रदेश भलिबल संघ र गल्कोट भलिबल क्लब बागलुङबिच दिउँसो ५ बजे तथा दोस्रो खेल साँझ ७ बजे आयोजक मणिमुकुन्द भलिबल क्लब र त्रिभुवन आर्मी क्लबबिच हुने आयोजक क्लबका निवर्तमान अध्यक्ष मिलन रानाले जानकारी दिए ।

यस क्षेत्रमै पहिलोपटक आयोजना भएको रात्रिकालीन भलिबल प्रतियोगितामा प्रथम हुनेले नगद रु ३ लाख ११ हजार एक सय ११, दोस्रो हुने टिमले नगद २ लाख ११ हजार एक सय ११ रुपैयाँ, तेस्रो हुनेले १ लाख ११ हजार एक सय ११ रुपैयाँ तथा सान्त्वना हुने टिमले ६६ हजार ६ सय ६६ रुपैयाँ तथा कप र प्रमाणपत्र हात पार्ने आयोजक क्लबका अध्यक्ष लोकेन्द्र भण्डारीले बताए ।

उत्कृष्ट खेलाडीले १५ हजार, बिधागततर्फ ६ जना खेलाडीहरूलाई नगद रु १० हजारका दरले नगद र मेडल, प्रमाणपत्रले पुरस्कृत गरिने छ ।

बैशाख १३ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा पाकिस्तान, इरान र भारतका खेलाडीको सहभागिताले खेल रोमाञ्चक भइरहेको छ ।

# निजामती कर्मचारीद्वारा आन्दोलनको चेतावनी

बुटवल । निजामती कर्मचारी ट्रेड युनियनले आफ्ना माग पूरा गर्न सरकारलाई ७२ घण्टे अल्टिमेटम दिएका छन् । मंगलबार बसेको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा कर्मचारी ट्रेड युनियनका प्रतिनिधिले सरकारलाई पाँच वर्ष सेवा अवधि भएको कर्मचारीको एक तह वृद्धि र १० वर्षभन्दा बढी सेवा अवधि भएका कर्मचारीहरूलाई दुई तह अथवा एक श्रेणी वृद्धिको माग पूरा नभए आन्दोलन गर्ने चेतावनी दिएका हुन् ।

कर्मचारी ट्रेड युनियनका प्रतिनिधिहरूले राज्य व्यवस्था समितिसमक्ष १० बुँदे माग ७२ घण्टाभित्र सम्बोधन गर्न ध्यानाकर्षण गराएका छन् । समितिले अन्तिम रूप दिइसकेको विधेयकमा आफ्ना जायज माग सम्बोधन नभएको उनीहरूले गुनासो गरे । संयुक्त ट्रेड युनियनले विधेयकमा माग सम्बोधन नभए कलम बन्द गरी देशभर आन्दोलन गर्ने चेतावनी पनि दिएका छन् ।

नेपाल निजामती कर्मचारी युनियनका वरिष्ठ उपाध्यक्ष उत्तम कटुवालले युनियनका मागप्रति समिति र सरकारले कमजोरी ठाने देशभर र सिंहदरबारमा आन्दोलन गर्ने बताए ।

कर्मचारी युनियनका मागमा सरकार र राज्य व्यवस्था तथा सुशासन समिति गम्भीर नभएको उनले आरोप लगाए । समिति बैठकमा नेपाल निजामती कर्मचारी संगठनका अध्यक्ष अम्बादत्त भट्टले ७२ घन्टाभित्र माग सम्बोधन भएर विधेयक अगाडि नबढे चरणबद्ध आन्दोलन सुरु गर्ने बताए ।

उनले निजामती विधेयक संसद्को वर्षे अधिवेशनको सुरुकै दिन नै संसद्मा पेस हुने वातावरण बन्नुपर्ने उल्लेख गरे । ऐन चाहियो भनेर छलफल गर्नुपर्ने अवस्था दुःखद र विडम्बनापूर्ण भएको पनि उनले बताए ।

उनले निजामती विधेयक कर्मचारीहरूको माग सम्बोधन गरी सन्तुष्ट बनाउन आवश्यक रहेको जनाए । अध्यक्ष भट्टले युनियनका माग ७२ घण्टाभित्रै सम्बोधन हुनुपर्ने दाबी गरे । उनले विधेयकमा लोक सेवाबाट पास भएर आएका कर्मचारीलाई फरक रुपमा परिभाषित गर्नु नहुने बताए । संसद् सेवाअन्तर्गत रहेको कर्मचारी संगठनका अध्यक्ष रेणुका सुवेदीले विधेयकको परिभाषाभित्रै संघीय संसद् सेवालाई पनि निजामती सेवाभित्र राखिनुपर्ने बताइन् ।

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-८, रूपन्देही
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

विद्यार्थी भर्ना अभियानमा सबैले योगदान गरौं
-विद्यालयले आ-आफ्नो सेवा क्षेत्रभित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालबाट सूचना प्रवाह गर्ने,
-अभिभावकविहीन बालबालिकाको अध्ययनमा सहयोग गर्ने व्यक्ति तथा संस्थाको पहिचान र उचित सम्मान गर्ने ।
-सामुदायिक सिकाई केन्द्रहरुले विद्यालय बाहिर रहेका बालबालिकाको लगत सकंलन गर्ने ।
-सार्वजनिक जीवनका व्यक्तिहरुले विद्यालय उमेर समूहका, सीमान्तकृत समूहका, अपाङ्गता भएका बालबालिकाका लागि विद्यालय भर्नाको पहल गरौं ।
-स्थानीय तहले भर्ना अभियानको नेतृत्व गर्ने ।
सबै बालबालिकाको विद्यालय सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चित ।
लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com